प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

## **औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम** कार्यक्रममा **निःशुल्क** प्रशिक्षणका लागि भर्ना गर्न प्रवेश परीक्षा सञ्चालनका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।०५।०६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट **निःशुल्क** सञ्चालन गरिने प्राविधिक एस.एल.सी. तहको २४ महिना अवधिको **औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम** तपसिल बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधिनमा रही शैक्षिक सत्र २०७६/०७७ मा भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम संचालन अनुमति प्राप्त देहायका शिक्षण संस्थाहरूमा प्रवेश परीक्षाबाट प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका व्यक्तिहरूबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षण संस्था एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

**१. आवश्यक शैक्षिक योग्यताः**

क. अक्षराङ्कन पद्दति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण।

ख. अक्षराङ्कन पद्दतिको नतिजाको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त।

**२. परीक्षार्थी छनौटको आधारः**

क) आवेदकहरूको अन्तिम छनौट प्रवेश परीक्षा (लिखित र अन्तरवार्ता) बाट हुनेछ। दुवै परीक्षाको अङ्कभार क्रमशः ५०/५० हुनेछ। प्रवेश परीक्षाको उतिर्णाङ्कका लागि लिखित र अन्तवार्ताको प्राप्ताङ्क ४० अङ्क हुनुपर्नेछ तर भर्ना योग्यताक्रमको आधारमा तोकिएको कोटा संख्यामा गरिनेछ।

ख) छनौटका लागि लिईने लिखित परीक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट कक्षा १० को विज्ञान, अँग्रेजी र गणित विषयलाई आधार मानी तयार गरीएको प्रश्नपत्रबाट हुनेछ भने उद्योग/व्यवसाय, पनिका र तालीम प्रदायक संस्थाका प्रतिनिधिहरूको सहभागितामा अन्तवार्ता हुनेछ।

ग) अन्तिम छनौटमा परेका उमेदवारहरूलाई सार्वजनिक सूचनाद्धारा भर्नाका लागि आव्हान गरिनेछ। मूख्य उमेदवारबाट भर्ना पुरा नभएमा बैकल्पिक मध्येबाट योग्यताक्रमको आधारमा भर्ना गरिनेछ।

घ) प्राप्ताङ्क बराबर भएका आवेदकहरूको हकमा SLC/SEE परीक्षाको प्राप्ताङ्कको आधार लिईनेछ र सो पनि बराबर भएमा SLC/SEE परीक्षाका क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजाको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ।

ङ) औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीमका लागि नेपाल सरकारको प्रवेशिका परीक्षा/SEE परीक्षाको पाठयक्रमको आधारमा अनिवार्य अंग्रेजी-१८, गणित-१८, विज्ञान-१४ अङ्क गरी जम्मा ५० पूर्णाङ्कको लिखित तर्फको बस्तुगत बहु उत्तर प्रणालीको प्रवेश परीक्षा हुनेछ।

**३. शैक्षिक सत्र २०७६।०७७ मा औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम सञ्चालनका लागि परिषद् कार्यालयबाट अनुमति प्रदान गरिएका शिक्षण संस्थाहरूको नाम, ठेगाना र कार्यक्रमहरूको विवरणः**

| क्र. सं. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा संख्या |
|---|---|---|---|
| १. | श्री सरस्वती मा. वि., भरतपुर, दाङ्ग | ईन्फरमेशन टेक्नोलोजी (एप्रेन्टिसिप) | ३० (तिस) |
| २. | श्री बछौली मा. वि., सौराहा, चितवन | होटल म्यानेजमेण्ट | ४० (चालिस) |
| ३. | श्री एशियन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेण्ट, बुटवल, रुपन्देही | होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) | २० (बिस) |
| ४. | श्री काठमाण्डौ ईन्स्टिच्युट अफ हस्पिटालिटी म्यानेजमेण्ट, ललितपुर | होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) | ४० (चालिस) |
| ५. | श्री साउथ एशियन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेण्ट, बिराटनगर | होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) | ४० (चालिस) |
| ६. | श्री पाथिभरा हिमालयन पोलिटेक्निक ईन्स्टिच्युट, सुनसरी | ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० (चालिस) |
| ७. | श्री डियरवाक ईन्स्टिच्युट अफ टेक्नोलोजी, काठमाण्डौ | ईन्फरमेशन टेक्नोलोजी (एप्रेन्टिसिप) | ४० (चालिस) |
| ८. | श्री राष्ट्रिय प्राविधिक शिक्षालय, सुर्खेत | ईन्फरमेशन टेक्नोलोजी (एप्रेन्टिसिप) | २० (बिस) |

**४. आवेदन फाराम साथ पेस गर्नु पर्ने आवश्यक कागजातहरूः**

१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,

२) SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी,

३) नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि।

४) नेपाली नागरिकता प्रमाण पत्र वा जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

**५. प्रवेश परीक्षा सम्वन्धी कार्यक्रमः**

| | |
|---|---|
| क. आवेदन फारम वितरण गर्ने मिति | : २०७६ भाद्र ०६ गते देखि। |
| ख. आवेदन फाराम पाउने र बुझाउने स्थान | : सम्वन्धित संस्थाहरू/परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी फारम भर्न सकिनेछ। |
| ग. आवेदन फाराम बुझाउने अन्तिम मिति | : २०७६ भाद्र १९ गतेसम्म। |
| घ. लिखित परीक्षा हुने मिति र समय | : २०७६ भाद्र २१, गते शनिबार बिहान ८.०० बजे। |
| ङ अन्तर्वाता हुने मिति र समय | : २०७६ भाद्र २५, गते बुधबार बिहान ८.०० बजे। |
| च. परीक्षा केन्द्रहरू | : पछि तोकिए वमोजिम हुनेछ। |

**नोटः** प्रवेश परीक्षामा सफल गराई अध्ययनको अवसर प्रदान गराई दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पुर्ण सचेत रही प्रवेश परीक्षा मर्यादित एव निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरूः इटहरी-सुनसरी, जनकपुर-धनुषा, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बटवल-रूपन्देही, वीरेन्द्रनगर-सुर्खेत, धनगढी-कैलाली र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

यो सूचना **CTEVT** को वेभसाईट **www.ctevt.org.np** मा पनि हेर्न सकिनेछ।

**परीक्षा नियन्त्रक**